Samaj Anweshan **समाज अन्वेषण** Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025
DOI: https://doi.org/10.3126/anweshan.v2i2.74168
Research Article
ISSN: 3021-9035 Print

# नेपालका आदिवासीमा जीवित सङ्ग्रहालयको सम्भावना र औचित्य

**डा. सोमबहादुर धिमाल**
*somdhimal@hotmail.com*

## लेखसार

वास्तवमा मानव सभ्यताको व्यवस्थित सुरुवात कालखण्डदेखि नै जीवित सङ्ग्रहालयको अनौपचारिक सुरुवात मान्न सकिन्छ। इजिप्टको माथिल्लो क्षेत्र नाइल नदीको किनार पूर्वतिरको लक्जर पुरानो खुल्ला सङ्ग्रहालय लगभग १४०० बिसीतिर बनेको मानिन्छ । त्यसैगरी इजरायलको नाजरेथ गाउँ जहाँ मुस्लिम र क्रिश्चियनले मौलिक भेषभूषा र कलाको काम पहिलो शताब्दीदेखि नै गर्दै आएका पाइन्छन्। नर्वेका राजा ओस्कार दोस्रोले पुराना सामग्रीहरू मध्ययुगदेखिको सङ्कलन र प्रदर्शनी गर्न ८ देखि १० ओटा भवनहरू नर्वेजियन कलाशैलीमा सन् १८८१ ओस्लोमा खुल्ला सङ्ग्रहालयको स्थापना गरेका थिए। आर्थर हेजलियसले नर्वेका राजाको देखेर १९औँ शताब्दीको मध्यतिर स्वेडेनमा खुल्ला सङ्ग्रहालय बनाएका थिए। फर्ड मोटर कम्पनीका संस्थापक हेनरी फर्डले उत्तर अमेरिकाको डियरवन, मिचिगनस्थित ग्रिनफिल्ड भिलिज खुल्ला सङ्ग्रहालय सन् १९२८ मा बनाएका थिए (The History of Open-air Museum retrieved from http://www.historyofmuseums.com/museum-history/history-of-open-air-museums/)। नेपालमा पनि आदिवासी जनजातिहरूका होमस्टे स्थापना हुने क्रम बढ्दो छ। जीवित सङ्ग्रहालय कुनै पनि देशको भूगोल र थातथलोमा बसोबास गर्ने जाति वा समुदायको बारेमा खुल्ला सिक्ने र सिकाउने थलो हो। भाषा, संस्कृति, पहिचान र इतिहास, विशिष्ट ज्ञान, सिप, कला र प्रविधिको कुरा गर्दा विश्वमा आदिवासीहरू धनी छन् । नेपालका ६० आदिवासी जनजातिहरूको पनि जातिपिच्छे नै फरक भाषा, संस्कार, संस्कृति, खानपिन, भेषभूषा, थातथलो, लोकजीवन पद्धति, पहिचान र इतिहास छन् (See, National Foundation for Development of Indigenous Nationalities Act, 2002; Definition of Indigenous Nationalities, relating to Clause (a) of Section 2)। उनीहरूका प्राचीन परम्परागत संस्था र प्रथाजनित कानुनहरू मार्फत आफ्ना जाति र समुदायभित्र शान्ति, एकता, न्याय दिने विशिष्ट परम्परा छन् । जीवित सङ्ग्रहालयमार्फत समुदायको विशिष्ट कृषि, पशुपालन, भाषा, संस्कृति, नाचगान, मौखिक परम्पराहरूमा आधारित पहिचान र इतिहास प्रवर्धन र संरक्षण मात्र हुने होइन, स्वदेशी तथा विदेशी पर्यटकहरूको भ्रमणले स्थानीय उत्पादनहरूको खपत, स्वरोजगारी, सामाजिकीकरण हुने, सिक्ने र सिकाउने, ज्ञानको आदानप्रदान, आदिवासी जनजातिलाई विश्वजगत्मा चिन्ने र चिनाउने, मूर्त र अमूर्त संस्कृतिको प्रवर्धन, संरक्षण र पुस्तान्तरण कार्यमा उल्लेख्य उपलब्धि पनि हुनेछन्।

## शब्दकुञ्जी

मौखिक परम्परा, सामाजिकीकरण, स्वरोजगार, संस्कृति, संरक्षण, पुस्तान्तरण।

## विषय प्रवेश

१५औँ शताब्दीतिर 'म्युजियम' लाई पुनर्जीवित गर्ने कार्य युरोपमा भयो। १७औँ शताब्दीमा बहुमूल्य धातुहरूलाई सम्बोधन र सङ्कलन गर्ने कामका लागि प्रयोगमा आएको थियो । जब ब्रिटिश सङ्ग्रहालय निर्माण भयो, त्यसपछि मात्र सङ्ग्रहालयको अर्थ स्पष्ट रूपमा इतिहासमा किटान

भएको पाइन्छ। अन्तर्राष्ट्रिय सङ्ग्रहालय परिषद् (ICOM-International Council of Museums) को स्थापना सन् १९६४ मा भएपछि मात्र सङ्ग्रहालयको परिभाषा स्पष्ट भएको पाइन्छ। ICOM को २२ औँ साधारणसभा अष्ट्रियाको भियनामा सम्पन्न २४ अगष्ट २००७ ले सङ्ग्रहालयको वैधानिक परिभाषा अनुसरण गऱ्यो। यो परिषद्को भाग १, धारा ३ अनुसार सङ्ग्रहालयको परिभाषा यसप्रकार उल्लेख भएको पाइन्छ MA museum is a non-profit, permanent institution in the service of society and its development, open to the public, which acquires, conserves, researches, communicates and exhibits the tangible and intangible heritage of humanity and its environment for the purposes of education, study and enjoyment 'सङ्ग्रहालय मुनाफारहित सामाजिक सेवा तथा विकास परियोजनार्थ स्थापित स्थायी संस्था हो। यो सबैको लागि खुल्ला हुनुका साथै मानवीय भौतिक र अभौतिक सम्पदाहरूलाई ग्रहण गर्ने, संरक्षण गर्ने, अनुसन्धान गर्ने, सञ्चार गर्ने र प्रदर्शनी गर्ने गर्दछ। यसका साथै शिक्षा, अध्ययन, अनुसन्धान र मनोरञ्जनको लागि वातावरण तयार गर्दछ (Definition of Museum of 1974, retried from)।'

जीवित सङ्ग्रहालयको इतिहास मानव सभ्यता सुरुवातदेखि नै मान्न सकिन्छ। नर्वेका राजा ओस्कार दोस्रोले पुराना सामग्रीहरू मध्ययुगदेखिको सङ्कलन र प्रदर्शनी गर्न ८ देखि १० ओटा भवनहरू नर्वेजियन कलाशैलीमा सन् १८८१ म ओस्लोमा खुल्ला सङ्ग्रहालयको स्थापना गरेका थिए। आर्थर हेजलियसले नर्वेको राजाको देखेर १९औँ शताब्दीको मध्यतिर स्वेडेनमा खुल्ला सङ्ग्रहालय बनाएका थिए। फर्ड मोटर कम्पनीका संस्थापक हेनरी फर्डले उत्तर अमेरिकाको डियरबन, मिचिगनस्थित ग्रिनफिल्ड भिलिज खुल्ला सङ्ग्रहालय सन् १९२८ मा गरेका थिए। इजिप्टको माथिल्लो क्षेत्र नाइल नदीको किनार पूर्वतिरको लक्जर पुरानो खुल्ला सङ्ग्रहालय लगभग १४०० बिसीतिर बनेको मानिन्छ। त्यस्तैगरी इजरायलको नाजरेथ गाउँ जहाँ मुस्लिम र क्रिश्चियनले मौलिक भेषभूषा तथा कलाको काम पहिलो शताब्दीदेखि नै गर्दै आएको पाइन्छन् (The History of Open-air Museum retrieved from)।

Siebenaler (2012) ले आफ्ना लेखमा जीवित सङ्ग्रहालयले विद्यार्थीहरूलाई छुट्टै अद्वितीय अनुभव दिन्छ, जुन कक्षाकोठामा सिकाउन असम्भव हुन्छ। सङ्ग्रहालयहरू मार्फत विद्यार्थीलाई गहिरो घट्लिनु, विवेचना गर्नु तथा क्रियाकलापहरूमा प्रत्यक्ष सहभागी भई स्वतन्त्र रूपले इतिहास सिक्ने तरिकाहरू सिकाउँदछन्। सङ्ग्रहालयको भ्रमण गर्ने विद्यार्थीहरूले जीवित इतिहास, अनुभव प्रत्यक्ष रूपले सिक्छन्। बालबालिकाहरूलाई श्रव्यदृश्य सामग्रीहरूले झन् बढी प्रभाव पार्ने उल्लेख गरेको पाइन्छ।

John E Stanton ले लेखेका लेख 'Understanding Museums- Indigenous Peoples and Museums, Ethnographic Museums and Collection from the Past into the Future' अनुसार सन् १९७८ को युनेस्को क्षेत्रीय सम्मेलन आदिवासी जनजातिको संस्कृति संरक्षणको लागि सङ्ग्रहालयको भूमिका अष्ट्रेलियाको आडेलेड (Adelaide) सहरमा सम्पन्न सम्मेलनले सङ्ग्रहालय र आदिवासी जनजातिको समन्वयका विषयमा वहस भयो। यस सम्मेलनले आदिवासी जनजातिको प्रतिनिधित्व विश्व सङ्ग्रहालयको सङ्कलन, व्यवस्थापन र बोर्ड अब ट्रस्टी (Board Of Trustee) मा हुनुपर्ने कुरा उठायो। साथै सम्मेलनमा आदिवासी जनजातिको पहिचान, प्रतिनिधित्व, पैतृकभूमिमा फिर्ता (Repatriation) तथा अन्तरक्रिया विषयमा विस्तृत छलफल गऱ्यो।

Griffin & Paroissien ले उनीहरूको लेख 'Understanding Museum – Indigenous Peoples and Museum: Introduction' मा अष्ट्रेलियाका आदिवासी जनजातिसँग परामर्शपछि आदिवासी जनजाति सङ्ग्रहालयको सम्भव भएको कुरा लेख्छन्। आदिवासी जनजाति सरोकार सङ्ग्रहालयमा आदिवासी जनजातिलाई कर्मचारी (Staffs) र बोर्ड (Board) मा राखिएका छन्। आदिवासी जनजातिका कला, संस्कृति, मौखिक परम्परा आदिवासी प्रदर्शनीका सवाल समेटिएका छन्। सन् २०१० मा नेशनल ग्यालरीमा स्थायी रूपले अष्ट्रेलियन आदिवासीको संस्कृति, अष्ट्रेलियन र विदेशीको लागि महत्त्वपूर्ण सङ्ग्रह, १९८८ को आदिवासी

स्मृति समेतलाई समेटिएका छन् ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार १४२ जातजाति तथा १२४ मातृभाषा बोल्ने समुदायहरू छन् । यिनीहरू मध्ये नेपाल सरकारको आदिवासी जनजाति सूचीमा सूचीकृत भएका पहिला ५९ र पछिल्लो पटक सूचीकृत रानाथारु गरी ६० आदिवासी जनजातिहरू सूचीकृत हुन सकेका छन् । नेपालको आदिवासीहरूमा पहिला राजनीति र सामाजिक जनचेतनाको कमीले गर्दा जातीय संस्थाहरू २००७ सालको प्रजातन्त्रको आगमनपछि मात्र स्थापना हुन थालेका पाइन्छन्। केही संस्थाले पञ्चायत कालमा लुकीछिपी संस्थागत कामहरू गरे पनि धेरैजसो आदिवासी जातिहरूको जातीय संस्थाहरू २०४६ सालको जनआन्दोलन र देशमा प्रजातन्त्र भित्रिएसँगै खुलेका पाइन्छन्। हालको नेपाल आदिवासी जनजाति महासङ्घ नै २०४७ सालमा स्थापना भएको छ। नेपाल अधिराज्यको संविधान २०४७ लागु भएपछि धेरै आदिवासीहरूका संस्था खुलेका पाइन्छन् । आदिवासीहरूमा २०४६ सालको जनआन्दोलनपछि समुदायमा चेतनासँग संस्थागत विकास र संस्थागत गतिविधि हुँदै आएका छन् । धेरै आदिवासी जनजातिहरूमा दोस्रो जनआन्दोलन २०६२/६३ पछि मात्र चेतना आएकाले संस्थागत कार्य भएका छन् (कार्यक्रमहरूको सङ्गालो, २०७५, पृ.१–४)। हालको अवस्थासम्म आदिवासीमा शिक्षा र चेतनाले सांस्कृतिक क्रान्ति केही हदसम्म सफल भए पनि राजनीतिक, आर्थिक, शैक्षिक, डिजिटललगायतका क्रान्तिहरू भने गर्न बाँकी नै देखिन्छन् ।

## *अध्ययन विधि*

यो अध्ययनमा मिश्रित गुणात्मक र परिमाणात्मक दुवै विधि अपनाइएको छ। आदिवासी जनजातिका विभिन्न क्षेत्र भ्रमण, अवलोकन र डायरी लेखन प्राथमिक स्रोतका रूपमा छन् र आदिवासी जनजातिका विभिन्न सङ्ग्रहालयको जानकारी पुस्तक, गुगल सर्च द्वितीय सामग्रीको रूपमा प्रयोग गरिएका छन् । आदिवासी जनजातिहरूको सङ्ग्रहालय तथा होमस्टे भ्रमणलाई मुख्य सामग्री बनाई विश्व परिवेश सिकाइका अनुभवहरूको अध्ययनबाट लेख तयार गर्ने कार्य गरिएको छ।

## *आदिवासी जनजाति र केही सङ्ग्रहालयहरू*

राष्ट्रिय जनजाति विकास समिति (गठन) आदेश, २०५४ को दफा २ ले 'जनजाति' भन्नाले सामान्यतया आफ्नै मौलिक भाषा र संस्कृति भएका, सामाजिक विकासका दृष्टिले अन्य जातिभन्दा पछि परेका भनी परिभाषित गरेको थियो। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को परिच्छेद १, दफा २(क) अनुसार 'आदिवासी जनजाति' भन्नाले 'आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनु पर्छ' भन्ने उल्लेख छ । वास्तवमा आदिवासीहरूको परम्परागत जीवनपद्धति, राष्ट्रिय समूहभन्दा पृथक धर्म र संस्कृति, आफ्नै सामाजिक सङ्गठन, प्रथा, परम्परागत संस्था तथा प्रथाजनित कानुन हुन्छन् । प्रकृतिपूजक र हिन्दू वर्णाश्रमभन्दा फरक, सामूहिकता र हामी भन्ने भावना, कुनै निश्चित भूगोलमा ऐतिहासिक कालखण्डदेखि निरन्तर बसोबास गर्दै आएका आफ्ना आदिवासीवादमा आधारित ज्ञान, सिप, कला, स्थानीय प्रविधि र अभ्यासहरूलाई पुस्तान्तरण गर्दै आएका हुन्छन्।

२०४६ सालको जनआन्दोलन र प्रजातन्त्रको बहाली र २०६२/६३ को जनआन्दोलनपछि आदिवासी जनजाति समुदायहरूमा देखा परेको शिक्षा, जनचेतना अभिवृद्धिसँगै समुदायहरूले आफ्नो जाति चिनाउने सङ्ग्रहालय स्थापना गर्दै आएका छन्। नेवार जातिको ज्यापु सङ्ग्रहालय ललितपुर, थारुको सांस्कृतिक सङ्ग्रहालय तथा अनुसन्धान केन्द्र सौराहा चितवन, चेपाङ सङ्ग्रहालय चैनपुर मकवानपुर, घले गाउँको गुरुङ सङ्ग्रहालय लमजुङ, लिम्बु जातिको युमा सङ्ग्रहालय तेह्रथुम, धिमाल समुदायको सांस्कृतिक सङ्ग्रहालय दमक झापा, लेप्चा जातिको जनसरोकार लेप्चा सङ्ग्रहालय कालिम्पोङ भारत, थारु जातिको सांस्कृतिक सङ्ग्रहालय दाङ, थकाली जातिको थिनी मुस्ताङ सङ्ग्रहालय, कोच राजवंशी सङ्ग्रहालय बाह्रदशी झापा, घान्द्रुक गुरुङ सङ्ग्रहालय कास्की, पुनमगरको कारबाकेली सङ्ग्रहालय म्यादी, आठपहरिया जातिको सङ्ग्रहालय बिहिबारे हाटस्थल धनुकुटा, सुनुवार जातिको सङ्ग्रहालय

पोकली ओखलढुङ्गा, तामाङ सङ्ग्रहालय र सांस्कृतिक केन्द्र धुन्चे रसुवा आदि उदाहरणक सकिन्छ ( नेपाल सरकार, आदिवासी जनजाति आयोग, पुल्चोकमा बुझाएको प्रतिवेदन २०७७, आदिवासी जनजातिको मूर्त र अमूर्त सांस्कृतिक सम्पदा प्रबर्धन, हस्तान्तरण र संरक्षणार्थ जीवित सङ्ग्रहालयको औचित्य, पृष्ठ ६०–६५ हेर्नुहोला) । यी सङ्ग्रहालयमार्फत समुदायलाई चिनाउने सङ्ग्रहालयको किसिम र प्रकृतिअनुसारका वस्तुहरू, अद्यावधिक सूचना, ज्ञान, सिप, कला, प्रविधि, आविष्कारक र योगदान दिने व्यक्तिहरू, जनचाहना र समयको मागअनुसारका विभिन्न सरोकार कुराहरूलाई सङ्ग्रहालयले सङ्ग्रह वा सङ्कलन गर्ने कार्य गर्दछन्।

## *जीवित सङ्ग्रहालयको महत्त्व*

नेपालमा कुनै आधिकारिक जीवित सङ्ग्रहालय घोषणा भएका थिएनन्। तर भर्खरै वि.सं. २०८० मा कोशी प्रदेश, मोरङ जिल्ला बेलबारी नगरपालिका वार्ड नम्बर १० को माटीगाउँ धिमालगाउँलाई बेलबारी नगरपालिकाले जीवित सङ्ग्रहालय गाउँ घोषणा गरेको छ । जीवित सङ्ग्रहालयमा भाविष्यमा भ्रमणमा आउनेहरू चाहे विद्यार्थी, अनुसन्धाता, लेखक, पत्रकार हुन्, उनीहरूले समुदायको बारेमा सांस्कृतिक पृष्ठभूमिको अध्ययन गर्न सक्दछन् । समुदायको इतिहास बुझ्ने अवसर मिल्दछ। प्रत्यक्ष रूपले सांस्कृतिक सुन्दरतालाई अनुभव गर्ने अवसर प्राप्त गर्दछन्। विभिन्न व्यक्तिबिचमा फोटो खिच्ने, घुलमेल हुने, परिचय र विभिन्न कुराहरूको आदानप्रदान गर्ने अवसर जुर्छ र पछिल्ला दिनहरूमा सम्पर्कको लागि सम्पर्क नम्बर, इमेल आदि कुराहरू पनि साटासाट गर्न सक्दछन् । भ्रमणमा आउनेहरूले होमस्टेमा बस्दा स्थानीयहरूले स्वरोजगार पाउने, आम्दानी गर्ने र स्थानीय चेतनामा पनि अभिवृद्धि हुन्छ। सङ्ग्रहालयमा सहभागीहरूले आफ्नै तरिकाले अवलोकन गर्ने, हेर्ने, महसुस गर्ने, विवेचन गर्ने, अनुभव गर्ने, साथै देखेको सिकेको कुराहरूलाई व्यवहारमा अनुसरण गर्न सक्ने प्रबल म्भावना भएकोले ठुलो महत्त्व हुनेछ।

जीवित सङ्ग्रहालयको महत्त्व के छ ? भन्दा Bwana Tucke-Tucke नामिबिया सबसाहारा अफ्रिकाको जीवित ऐतिहासिक सङ्ग्रहालयको कुरा गर्दा यो म्युजियममा बस्दा समुदायका व्यक्तित्वहरू, अभ्यासकर्ता, इतिहासकार, लेखक, अभियन्ता, महिला जो बसे पनि आफ्नै जातीय पोसाक, गरगहना, विशिष्ट पहिचानमा बस्ने गर्छन्। आफ्नै भेषभूषामा बसेर सङ्ग्रहालयमा केही क्रियाकलाप गर्छन् । यसबाट घुम्न आउने दर्शक तथा व्यक्तित्वहरूले विशिष्ट भेषभूषा पहिलै थाहा पाउँछन् । यस्ता सङ्ग्रहालयले लोपोन्मुख विभिन्न परम्परागत भेषभूषा, गरगहना, घर बनाउने सिप, कला, प्रविधि, पर्यावातावरणको ज्ञानजस्ता कुराहरूलाई निरन्तरता दिनु, प्रवर्धन गर्नु र संरक्षणमा सहयोग पुग्नेछ। नयाँ पुस्ता तथा पिँढीहरूलाई परम्परागत कुराहरूलाई हस्तान्तरण गर्न, पहिचान गराउन र इतिहासको जगेर्ना गर्नुमा प्रोत्साहित गर्नेछ। प्राचीन ज्ञान, सिप, कला, परम्परा, सांस्कृतिक सम्पत्तिको संरक्षण गर्दा यसले समुदायलाई गौरवान्वित पार्नेछ। पहिचान तथा इतिहासलाई निरन्तरता दिनमा मद्दत गर्नुका साथै आफ्नो प्राचीन कुराहरूलाई सङ्ग्रहालय मार्फत प्रदर्शन, प्रचारप्रसार, प्रवर्धन, संरक्षण गर्दा केही आम्दानी गर्ने बाटो पनि खुल्नेछ।

पशुपालन जीवित सङ्ग्रहालयमा विद्यार्थीहरूले भ्रमण गरेको खण्डमा उनीहरूले पशुपालन गर्नका लागि कसरी जनावारहरूलाई राख्ने गर्दछन् भन्ने कुरा सिक्नेछन्। आफैँ सङ्ग्रहालयभित्र सहभागी भएर सिक्ने अवसर पाउँनेछन्। आफैँले गाई वा भैँसी दुहुने, बाख्राको दुध दुहुने अनुभवहरू गर्नेछन् । खेतमा लगाएका बालीहरूलाई काट्ने, उठाउने आदि कुराहरू प्रत्यक्ष अभ्यास गरेर सिक्नेछन्। पशुपालन गर्दा गर्ने क्रियाकलापहरू सिक्नेछन् । व्यक्तिगत रूपले अनुभव गर्ने र आफ्नै पारामा केही नयाँ कुराहरू सिक्नेछन्। व्यावहारिक अविस्मरणीय ज्ञान, सिप, कलाहरू अभ्यास गर्दै सिक्नेछन् जुन कहिल्यै बिर्सदैनन्। सङ्ग्रहालय भ्रमण गर्दाका विभिन्न प्रकारका अनुभवहरू जस्तै– रिसाउने, खुसी हुने, दिक्क लाग्ने, बेखुसी हुने, जीवनभर सिक्ने आदि विविध पक्षहरूलाई प्रत्यक्ष अनुभव गर्ने अवसर पाउनेछन्। सिकेका कुराहरूलाई आफ्नो परिवार, गाउँघर, विद्यालय, छिमेकीहरूलाई आदानप्रदान गर्न सक्नेछन् ।

जीवनको वास्तविक सिक्नेछन्। कुनै बारेमा कुराकानी सुरुवात गर्दा अप्ठ्यारो, सजिलो कस्तो लिन्छन् ? भाषा, संस्कृति, इतिहास, भूगोल, पहिचान, अधिकार, अर्थशास्त्र, लोकवार्ता, युवा, महिला, पुरुष, बुढापाका, बालबालिका आदि विभिन्न विषयहरूमा कुरा गर्दा कुन विषयमा खुल्छन् ? कुन विषयमा कम खुल्दछन् ? आफ्ना विचार, तर्क कसरी प्रस्तुति गर्दछन् ? विचार राख्दा तर्कयुक्त वा जे मन लाग्यो त्यही गर्दछन् कि भन्ने पत्ता लगाउनेछन्। समुदायको घतलाग्दो कुरा के हुन्छ ? कुन कुरा छलफल, वहस, तर्कवितर्क गर्न नरुचाउनेजस्ता मनोविज्ञान बुझ्छन्। यो जीवित सङ्ग्रहालयबाट विद्यार्थी, लेखक, साहित्यकार, अनुसन्धाताहरूले धेरै कुराहरू सिक्ने, आदानप्रदान गर्ने अवसर पाउनेछन्।

### *अवसर र सकारात्मक प्रभावहरू*

आदिवासी जनजाति आयोगमार्फत गरिएको लघु अनुसन्धान 'आदिवासी जनजातिको मूर्त र अमूर्त सांस्कृतिक सम्पदा प्रवर्धन, हस्तान्तरण तथा संरक्षणार्थ जीवित सङ्ग्रहालयको औचित्य २०७७' को निचोडका रूपमा आएका केही अवसर र सकारात्मक प्रभावहरू–

### *सामाजिक घुलमेल (Socialization)*

जीवित सङ्ग्रहालयमा विभिन्न परिवेश, वातावरण, पृष्ठभूमि, समुदायका मानिसहरूले भ्रमण गर्न आउने जाने गर्छन्। समुदायको आफ्नै परिवेश, वातावरण र सामाजिक पृष्ठभूमि हुन्छ। यसरी विभिन्न पृष्ठभूमि भएकाहरू बिचमा घुलमेल हुने अवसर मिल्छन्। घुलमेलसँग विभिन्न कुरा, आनिबानी जान्ने र बुझ्ने मौका मिल्छन्। यसरी घुलमेल हुनु नै सामाजिकीकरण हुनु हो। चिन्ने र चिनाजान गर्ने राम्रो मौका र वातावरण मिल्नु हो।

### *ज्ञान, सिपको आदानप्रदान (Exchange of Knowledge and Skills)*

जीवित सङ्ग्रहालयमा घुमफिर गर्न आउने विभिन्न पृष्ठभूमिका व्यक्तित्व र समुदायका विभिन्न व्यक्तित्वहरू बिचमा चिनापर्ची त हुन्छ। साथै मन, विचार, पेसा, उमेर, कार्यक्षेत्र मिल्नेहरू बिचमा धेरै कुराहरूको आदानप्रदान हुने पनि गर्दछन्। कलेज र विश्वविद्यालयका विद्यार्थीहरू भ्रमणमा आएमा उनीहरूले त्यस गाउँका विद्यार्थीहरूसँग धेरै नजिकको सम्बन्ध राख्दछन्। अध्ययन तथा पढाइका धेरै कुराकानी समुदायको विद्यार्थीहरूसँग गर्दछन्। शिक्षादीक्षा हासिल गर्ने तौरतरिका, वातावरण, विद्यालय, कलेज र विश्वविद्यालयको कुराहरूको बारेमा छलफल गर्दछन्। उनीहरूले सिकेका ज्ञान, सिप, कलाहरूलाई एकआपसमा बाँड्ने र सिक्ने सिकाउने गर्दछन्। आफ्नो पेसाव्यवसाय, उमेर समूह, विषयगत ज्ञान, सिद्धान्त आदिको आधारमा धेरै कुरा सिक्ने र सिकाउने कामहरू हुन्छन्। महिलाहरू घुम्न आउँदा महिलाहरूको बारेमा, पुरुषले पुरुषको बारेमा, बुढापाकाहरूले बुढापाकाहरूका बारेमा बढी चासो राख्नु, जानकारी लिने प्रयास गर्नु, सामाजिक, सांस्कृतिक, आर्थिक, रोजगार र अन्य विविध महिला सरोकार सवालहरू, समस्या र चुनौतीका बारेमा खुलेर छलफल गर्ने, अनुभवहरू, अभ्यासहरूलाई एकआपसमा आदानप्रदान गर्नु स्वभाविकै पनि हो। यसको साथै साझा कुराहरू, सवालहरू जस्तै समुदायको पहिचान, इतिहास, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, शिक्षादीक्षा, चेतना, राजनीति, ज्ञान, सिप, कला र प्रविधि, जीविकोपार्जन र जीवनस्तर आदि सवालहरूको विषयमा पनि समयावधि भएमा आदानप्रदान गर्ने कुरामा चुक्दैनन्।

### *संस्कृति जान्ने र सिक्ने अवसरहरू (Opportunities to learn Culture)*

हामी कुनै पनि नयाँ ठाउँमा भ्रमण वा अध्ययनमा जाँदा पहिला त्यो ठाउँको समुदाय, ठाउँका बारेमा केही जानकारी राख्ने, समुदायका बारेमा केही जानकारी राख्ने कामहरू हुनु स्वभाविकै पनि हो। आन्तरिक वा विदेशी पर्यटकहरू भए पनि उनीहरू पहिला समुदायका बारेमा केही जानकारी राख्न चाहन्छन्। समुदायको जीवित सङ्ग्रहालयमा कस्तो भेषभूषामा मानिसहरू बस्दछन्। सामान्य गाउँघरको वातावरण, हावापानी, ठाउँको विशेषता

आदि कुराहरूका बारेमा जानकारी राख्दछन्। समुदायको मानिसहरू र उनीहरूको लोकसंस्कृतिको जानकारी लिन खोज्नु कुनै नौलो कुरा हुँदैन।

### *स्थानीय स्वरोजगारी तथा पर्यटन प्रवर्धन*
*(Local Employment and Tourism Promotion)*

जीवित सङ्ग्रहालयको व्यवस्थापन गर्दा पर्यटकका लागि स्थानीय सहजकर्ता वा गाइडको आवश्यकता हुन्छ। गाइडले भाषा अनुवाद गर्ने कामहरू गर्दछन्। समुदायका बारेमा विविध जानकारी हासिल गर्ने व्यक्तिलाई गाइडको काम समुदायले दिने हुँदा समुदायको विविध पक्षहरूको बारेमा पर्यटकहरूलाई जानकारी गर्ने, तथ्य तथ्याङ्क वा प्रमाणहरूका बारेमा बुझाउने र सिकाउने कामहरू गर्दछन्। सङ्ग्रहालयभित्र पनि केही अभ्यासकर्ताहरूले आफ्नै मौलिक भेषभूषा, गरगहना परम्परागत शैलीमा सजिएर बस्ने हुँदा पुराना परम्परागत कुराहरूको पनि प्रवर्धन तथा संरक्षण हुने गर्छन्। ती पुराना भेषभूषा, गरगहना, सजावट गरीदिने मानिसले काम पाउँछन्। परम्परागत खानपिन बनाउने र खुवाउने मानिसहरूले काम पाउँछन्। नाचगान देखाउँदा नाच्ने समूहका युवाहरूले पनि काम पाउँदछन्। नाचमा प्रयोग हुने बाजाहरूको पनि संरक्षण हुन्छन्। बाजागाजा निर्माण गर्ने अभ्यासकर्ताहरूले समेत काम पाउने र उनीहरूको जीविकोपार्जन चल्छ। अभ्यासकर्ताको सम्मान हुन्छ। समुदायको परम्परागत ज्ञान, सिप, कला, प्रविधिहरूको जगेर्ना हुन्छ। समुदायको प्राचीन मौलिक परम्पराहरूको प्रवर्धन तथा संरक्षणमा ठुलो टेवा पुग्दछ।

### *खोज, अध्ययन तथा अनुसन्धान केन्द्र*
*(Study and Research Center)*

जीवित सङ्ग्रहालयमा कुनै पनि स्कुल, कलेज वा विश्वविद्यालयका विद्यार्थीहरू आफ्ना शैक्षिक परियोजनार्थ कुनै पनि विषयमा समुदायका बारेमा खोज, अध्ययन र अनुसन्धान गर्न चाहेको खण्डमा उत्तम थलो बन्छ। सङ्ग्रहालय परिसरमा महिला र पुरुषहरूले गर्ने सिप, कला, प्रविधिहरू पनि अभ्यास गरिरहेका हुन्छन्।

समुदायका बालबालिका, महिला, युवा, युवती र बुढापाकाहरूको विभिन्न गतिविधि तथा क्रियाकलापहरू प्रत्यक्ष सङ्ग्रहालयमा बसेर जान्ने, सिक्ने र आदानप्रदान गर्ने अवसर जुर्छ। सङ्ग्रहालयमा भ्रमण गर्न आउने विद्यार्थी, अनुसन्धाताहरू, लेखक र पत्रकारहरूले आफ्ना रुचि, आकाङ्क्षा र चाहनाअनुसारका विषयवस्तुमा समुदायका लक्षित वर्ग बालबालिका, युवायुवती, महिला, बुढापाका, समुदायको अग्रजहरू, अभ्यासकर्ताहरू, नेतृत्वपङ्क्तिका महानुभावहरू आदिसँग सहमतिमा छलफल, बहस, फारम भर्ने, अन्तरवार्ता लिने, भिडियो गर्नेजस्ता विभिन्न तरिकाले खोजी, अध्ययन र अनुसन्धान गर्न सक्दछन्। प्राथमिक र द्वितीय सामग्रीहरूको संयोजनबाट अध्ययन गर्न सक्दछन्। यसरी समुदायको जीवित सङ्ग्रहालय अध्ययन, खोजी र अनुसन्धानको केन्द्र बन्ने सक्ने कुरामा निसन्देह छ।

### *चेतना वृद्धि र नेतृत्व विकास*
*(Enhancement of Awareness and Leadership Development)*

विभिन्न पृष्ठभूमि, समाज, समुदाय र विविधता पहिचान बोकेका मान्छेहरू सङ्ग्रहालयमा आउने गर्दछन्। आउनेहरू सबै एकै किसिमका हुँदैनन्। सबैको घुम्न आउने चाहना एउटै हुँदैनन्। उनीहरू आन्तरिक स्वदेशी पर्यटकहरू र विदेशी पर्यटकहरू पनि हुन सक्तछन्।

यसरी घुमफिर गर्ने, केही उद्देश्य बोकेर आउने पर्यटकहरूसँग समुदायको घुलमेल हुन्छ। भेटघाट हुन्छ। विभिन्न परिवेश र विषयवस्तुहरूमा जानकारी दिने, सिक्ने र समयानुकुल चल्ने जानकारी, चेतनामूलक छलफल, बहस तथा देशकाल परिस्थितिअनुसारको ज्ञान, सिप आदानप्रदानका साथै चेतना स्तर वृद्धि हुँदै जान्छ। समय बलवान छ, सिकाउँछ, सिक्ने अवसर दिन्छ। विभिन्न परिवेश र वातावरणसँगै समुदायका मानिसहरूले कुरा बुझ्दछन्, सिक्दछन् र अगाडि निरन्तर बढिराखेका हुन्छन्। समय, देशकाल र परिस्थिति नै मानिसको गुरु हो। भोग्दै, गर्दै धेरै कुराहरू आफ्नै परिवेश र क्षमताअनुसार सिक्छन् र नेतृत्व गर्दछन्।

### परम्परागत ज्ञान, सिप, कलाको संरक्षण
*(Safegurading of Traditional Knowledge, Skills and Arts)*

जीवित सङ्ग्रहालयको कारणले गर्दा समुदायको प्राचीन तथा परम्परागत भेषभूषा, सिप, कला, खानपिनका परिकार, समुदायको मौलिक ज्ञान र ओखतीउपचार विधि, नृत्य, गाना, लोकसंस्कृति, लोकवार्ताहरू बाँचेका हुन्छन्। जीवित सङ्ग्रहालयमा परम्परागत कुरा र वस्तुहरूलाई प्राथमिकता दिइन्छ। परम्परागत पोसाकमा अभ्यासकर्ता बस्दछन्। भ्रमणमा आउने मानिसहरूले परिकार खाने माग गरेमा परम्परागत शैलीमै पकाउने विधि, परम्परागत शैलीमै सत्कार र बोलीचाली गर्छन् र आधुनिक परम्परालाई बर्जित गरिन्छ। कुनै बुढापाका बुढा वा बुढीले कुनै सिप अथवा कला गरिराखेका छन् भने पनि परम्परागत शैली, भेषभूषामै गरेका हुन्छन्। तमाखु तान्दै, भलाकुसरी गर्दै वा अन्य कुनै पनि परम्परागत शैलीमा कामहरू गरिरहँदा अवलोकन गर्न आउनेहरूले वास्ताविक अवस्था र परम्परा बुझ्ने अवसर पाउँछन्। समुदायको मौलिक ज्ञान, मौखिक परम्पराहरू एकातिर बाँचिरहेका हुन्छन् भने अर्कोतिर समुदायको पहिचान, इतिहासको जगेर्ना भइरहेको हुन्छ। सङ्ग्रहालयकै कारण नयाँ पुस्ताका युवावर्गहरूले जान्ने, सिक्ने, अभ्यास गर्ने मौका पाउँछन्। समुदायको परम्परागत सिप, कला, ज्ञान, प्रविधि पनि बिस्तारै प्रवर्धन, हस्तान्तरण र संरक्षणमा टेवा पुग्दछ।

### स्थानीय सहयोग र आम्दानीमा वृद्धि
*(Local Assistance and Increase in Income)*

जीवित सङ्ग्रहालयकै कारण विभिन्न व्यक्तित्व वा पर्यटकहरूसँग समुदायको अन्तरघुलन हुने, भेटघाट हुने, सामाजिकीकरण हुने भएकाले धेरै कुराहरू आदानप्रदान हुने गर्छन्। समुदायमा आउने विभिन्न पर्यटकले कहिलेकाहीँ समुदायका कुनै घरपरिवारको आर्थिक स्थिति  दयनीय देखेमा आफ्नो  स्वेच्छाले सहयोग गर्ने चाहना र प्रतिबद्धता पनि जाहेर गर्दछन्।

त्यसैगरी समुदायभित्र महिला, युवती, युवाहरूले कुनै पनि परम्परागत सामानहरू, वस्तुहरू, खेलौनाहरू, उपहारहरू आदि उत्पादन गरेका हुन सक्छन्। ती परम्परागत सामानहरू, वस्तुहरू बिक्रीका लागि समुदायको स्टलमा राख्ने गर्दछन्। घुम्न आउने पर्यटक वा स्वदेशी आन्तरिक पर्यटकहरूले मन पराए र उपहारको रूपमा किन्न चाहेमा किन्न सक्दछन्।

### जातीय इतिहासको पहिचान
*(History and Ethnicity Recognition)*

जीवित सङ्ग्रहालयले ल्याउने धेरै सकारात्मक परिवर्तनहरूमध्ये समुदायको जातीय इतिहासको पहिचान धेरै महत्त्वपूर्ण हुन्छन्। सङ्ग्रहालय हुँदा समुदायको जीवित सङ्ग्रहालयका बारेमा हातेपुस्तिकामा लेखिएको हुन्छ। समुदायको जातीय परिचय, उत्पत्ति, भाषा, संस्कृति, इतिहासका कुराहरू सङ्ग्रहालयको हातेपुस्तिका, बुकलेट, बुलेटिनमा समेटिने गर्दछन्। समुदायको जीवित सङ्ग्रहालयको विभिन्न गतिविधिहरू तथा क्रियाकलापहरूको बारेमा जानकारी दिने उद्देश्यले तयार गरिएको हुन्छ। समुदायका विभिन्न कुराहरू हेर्न तथा अवलोकन गर्न सकिने यात्रा यो जना (टुर प्लान) हरू पनि समेटिन्छन्। यस्ता कुराहरूले समुदायलाई स्थानीय स्तरमा तथा विश्वजगतमै चिनाउने अवसरहरू सृजना हुन्छन्। घुम्न आउने पर्यटकहरूले समुदाय र सङ्ग्रहालयका बारेमा चर्चापरिचर्चा गर्ने, राम्रा अभ्यासको बखान गर्ने, प्रचारप्रसार गरिदिने गर्दछन्।

### चुनौतीहरू
#### कुसंस्कारहरू भित्रिने (Introduce of Evil Practices)

आन्तरिक स्वदेशी र विदेशी पर्यटकहरू जीवित सङ्ग्रहालयमा आउँदा सबै राम्रो नियतका मात्र हुँदैनन्। समुदायका सिधासोझा मानिसहरूलाई सजिलै आफ्नो पक्षमा पार्न पनि सक्दछन्। प्रलोभन वा अन्य कुनै पनि फाइदा देखाएर सोझो गाउँलेहरूबाट फाइदा उठाउन पनि सक्छन्। गाउँका युवतीहरूलाई दुईचार दिन गाउँमा बसेर आकर्षण गर्ने र विभिन्न नकारात्मक धन्दाहरू यौनक्रिडा, युवायुवतीलाई बाहिर लगिदिन्छु भनी ठगी गर्ने, दुर्व्यसनमा

फसाउने, कुलतमा लगाउनेजस्ता विभिन्न कार्य पनि गर्न सक्दछन् । काम दिने निहुमा सहरमा लगेर प्रयोग गर्ने र फाइदा उठाउने आदि विभिन्न कार्यहरू पनि गर्न सक्दछन्। विदेशबाट आएका युवायुवतीहरूको पश्चिमेली संस्कार, संस्कृति देखेर गाउँले युवाहरूले पनि नक्कल गर्नेजस्ता कुसंस्कृतिहरू पनि भित्रिन सक्दछन् ।

### *अन्तरजातीय विवाह (Intercaste Marriage)*

सङ्ग्रहालय क्षेत्रका समुदायका युवायुवतीहरू र बाहिरबाट आएका आन्तरिक र विदेशी पर्यटकहरूसँग भेटघाट हुने, सम्पर्क बढ्ने, सामाजिक सञ्जालहरूका कारण नजिकिने वातावरण सृजना हुन्छ । सुरुमा अपरिचित जीवित सङ्ग्रहालयमा निरन्तर आवतजावत गर्ने, चिनापर्ची गर्ने, भावनाहरू साटासाट गर्नेजस्ता विविध गतिविधिहरूले नजिकिन्छन्। विस्तारै मायापिरती बसेपछि आफ्नै देशभित्रका अन्य जातिका केटा वा केटीसँग अन्तरजातीय विवाह हुन सक्दछन् । कहिलेकाहीँ चाहिँ समुदायको पढेलेखेकी केटीहरू र बाहिरका केटाहरूबिचमा पनि यो सम्बन्ध हुन सक्दछ भने कहिलेकाहीँ बाहिरका केटी र समुदायका युवाहरूबिचमा पनि हुन सक्छन् । धेरै हित्तचित्त मिलेमा विदेशी केटीहरूले पनि अफर गरेर केटालाई आफ्नो देश लैजाने हुन सक्दछन् । सङ्ग्रहालय भ्रमण र सम्पर्कको कारण यस्ता अन्तरजातीय विवाहमा वृद्धि आउन सक्ने सम्भावनाहरू हुन्छन् ।

### *परसंस्कृतिको प्रभाव (Acculturation)*

सङ्ग्रहालयमा भ्रमण गर्ने मानिसको भाषा, संस्कृति र जीवनस्तरको प्रभाव प्रत्यक्ष रूपले समुदायका नयाँ पुस्ताका युवायुवतीहरूमा पर्छन्। विदेशबाट सङ्ग्रहालय घुमफिरमा आउनेहरूको लवाइखुवाइले पनि प्रभाव पार्न सक्दछन्। उनीहरूको चालचलन, आचारव्यवहारले पनि स्थानीय युवाहरूलाई विस्तारै प्रभाव पार्छन्। ती बाहिरबाट आएका विदेशीको शान, ठाँटले प्रभाव पार्छ। उनीहरूको बोल्ने अन्तर्राष्ट्रिय अङ्ग्रेजी भाषाले गाउँलेहरूलाई प्रभाव पार्दछ। अङ्ग्रेजी बोल्न जानेपछि विदेश जान सजिलो हुने, निर्धक्क बोलीचाली गर्न सकिने भन्ने भावना मस्तिष्कमा पर्छ। उनीहरूले आफूले घरायसी बोलीचाली गर्ने आफ्ना मातृभाषाको काम रहेनछ, मातृभाषा बोलेर के हुन्छ, यो भाषा सिकेर न जागिर पाइने, न कुनै क्षेत्रमा नाम कमाउन सकिने, न कहीँ प्रयोग हुनेजस्ता कुराहरू मनमस्तिष्कमा प्रवेश गर्दछन् । यसको सट्टा राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषाहरू सिक्दा राम्रा हुनेजस्ता भावनाहरूले प्रवेश गर्छन्। यसको प्रभावले उनीहरू आफ्ना भाषामा बोलीचाली गर्न त्यति मन पराउँदैनन् । अन्य भाषाहरू नै सिक्ने कुरामा जोड दिन थाल्दछन् । त्यस्तै बाहिरीयासँगको हिमचिमले बजारिया खाना, भेषभूषा, आनीबानी, संस्कृतितिर आकर्षण हुने सम्भावना हुन्छन् ।

### *मौलिक परम्पराहरूको लोप*
### *(Disappearance of Own Original Traditions and Cultures)*

सङ्ग्रहालयको सम्पर्क र आउजाउका कारण गाउँले युवायुवतीहरूको हेलमेल बाहिरीयाहरूसँग बढेर जान्छ। पढ्ने लेख्ने कामहरू पनि गाउँ बाहिर सहरबजारतिर हुन थाल्दछन्। सक्नेले त विदेश नै छोराछोरीहरूलाई अध्ययन गर्नका लागि पठाउने गर्छन् । बिस्तारै समुदायका युवाले शिक्षादीक्षा बाहिरी वातावरण र सहरबजार, विदेशतिर लिदा उनीहरूले उतैतिरको भाषा, संस्कृति र वातावरणमा रमाउने, हुर्किदैं जान थाल्दछन्। लामो समय अन्तरालमा सहरीया र विदेशी वातावरणमै हुर्किने र जीवनयापन गर्ने वाचा पनि गर्छन्। पहिला गाउँघरमा बस्दा गाउँले हाटबजार, जात्रा, मेला, भोज, सामूहिक पूजाआजा, चाडबाडमा गरिने क्रियाकलापहरू बिर्सन थाल्दछन्। आफ्नै मातृभाषामा नै नबोल्ने हुन्छन्।

समुदायको परम्परागत खानपिनका परिकारहरू बिर्सेर सहरबजार र विदेशी परिकारहरूमा मोह बढ्दछ। होटल, रेष्टुरेन्ट, बार, क्याफे संस्कृतिले ठाउँ पाइसकेका हुन्छन्। परम्परागत सिस्नु, ढिँडो, रोटी, दाल, भात, अचार बिर्सेर बर्गर, पिज्जा, चिकनफ्राइ, बिफ, मटन, ह्यामबर्गर आदि भेराइटिहरू खानका लागि ब्रेकफास्ट, स्न्याक, डिनर,

लञ्चमा जाने बानी परिसकेका हुन्छन्। समुदायको साकेला उभौली, उद्यौली, धाननाच, ढोलनाच, मारुनीनाच, हुड्कानाच, स्याब्रुनाच, बडकानाच, लठ्ठीनाच, महाकालीनाच, सोरठी–नाच आदि बिर्सिसकेका हुन्छन्। समुदायको परम्परागत संस्था, प्रथाजनित कानुनहरू बिर्सेका हुन्छन्। मौलिक नेपालीपन हराउँदै विदेशी संस्कृतिले स्थान पाइसकेको हुन्छन्।

## *सम्भावना र अबको बाटो*

नेपालका आदिवासी जनजातिहरू प्रकृतिप्रेमी, ज्ञानका अथाहा खानीको रूपमा चिनिन्छन्। यिनीहरूको पूर्वीय दर्शन, मौखिक इतिहास, उकालीओरालीका जीवनकथा, लोकवार्ता, लोकसाहित्य, समाजमा मेलमिलाप, एकता, शान्ति, सबै खुसी हुने जीत जीतको अवस्थामा स्थापित गर्ने परम्परागत संस्था र प्रथाजनित कानुनहरू छन्। विभेदरहित समतामा आधारित समाज छ। आदिवासी जनजाति को हुन् भन्ने कुरा उनीहरूको दैनिक दिनचर्या, जीवनपद्धति, इमानदारिता, क्रियाकलापहरूबाटै स्पष्ट झल्किन्छन्।

उनीहरूसँग भएका उखानटुक्का, सामाजिक संस्कार, संस्कृति, जन्म, विवाह, मृत्यु, चाडपर्व, अनुष्ठान, अभिनय कलाहरू, परम्परागत कलाकौशलता, ज्ञान, सिप, कला, प्रविधि, सामाजिक अभ्यास जीवित सङ्ग्रहालयमा भ्रमण गर्न आउनेहरूका लागि प्रदर्शन गर्ने र व्यक्त गर्ने अनगिन्ती अथाहाज्ञान भण्डार छन्। आदिवासी जनजातिहरूका क्रियाकलापहरू दिगो विकास र इकोसिष्टमसँग सम्बन्धित हुन्छन्। हरित अर्थतन्त्रअन्तर्गत तीन तत्त्वहरू वातावरणीय जोखिम, आर्थिक समृद्धि र सामाजिक आयामलाई सन्तुलित व्यवस्थापन गर्ने अभ्यास आदिवासीमा हुन्छन् (रन्जितकार र अरू, २०७७, पृ.१४२)। उनीहरू प्रकृतिप्रेमी, वातावरणमैत्री विकास गतिविधिहरू मात्र गर्ने गर्दछन्। उनीहरूको क्रियाकलापहरूले जीवित सम्पदाहरूको प्रवर्धन गर्ने, संरक्षण र पुस्तान्तरणमा समेत योगदान दिन्छन्। समाजमा एउटा आदिवासीले अर्को आदिवासीको मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको सम्मान गर्ने, सम्पदा संरक्षणमा योगदान गर्ने जो कोही व्यक्ति, समूह, अभ्यासकर्ताको महत्त्वपूर्ण भूमिकालाई प्रोत्साहन र सम्मान दिने कार्य गर्दछन्।

स्थानीय दुई प्रकारका स्रोतसाधनहरूमा मानव स्रोतसाधन र प्राकृतिक स्रोतसाधनको उचित सदुपयोग गर्न जीवित सङ्ग्रहालयले महत्त्वपूर्ण भूमिका खेल्दछ। स्थानीय बालीनाली, दलहन, सागसब्जीहरू, फलफूल उत्पादनहरूको सही सदुपयोग हुन्छन्। त्यस्तै स्थानीय कुखुरापालन, खसीपालन, मौरीपालन, दुग्ध उत्पादन आदिले समेत उचित बजार र भाउ पाउने सम्भावना हुन्छ। स्थानीय युवाहरूले स्वरोजगारीका विभिन्न अवसरहरू पाउनेछन्। कसैले पर्यटकहरूको गाइड बन्ने, कसैले सिप, कलाबाट उत्पादन सामग्रीहरूलाई कोसेली घरको रूपमा व्यापारव्यवसाय गर्ने, कोही भाषा अनुवादक बन्ने, कोही जीवित सङ्ग्रहालयमा कर्मचारी बन्ने, नेतृत्व गर्ने जस्ता विभिन्न अवसरहरू सृजना हुन्छन्। कोही नजिकै होटल, रेष्टुराँ खोल्न सक्छन् भने कोही गीत सङ्गीतमा पनि भविष्य देख्दछन्। ढोल बजाउने, ओखती उपचार गर्ने, गीत गाउने, सिपकला जान्ने व्यक्तित्वहरूले प्रत्यक्ष रोजगारको अवसर पाउँदछन्। स्थानीय मौसमी ऋतुकालीन गतिविधिमा संलग्न हुन सक्छन्। आदिवासी सौन्दर्यतालाई अवसरका रूपमा ढाल्ने कार्य गर्दछन्। स्थानीय प्राक्रितिक स्रोत र सम्पदाहरू खोलानाला, वनजङ्गल, डाँडाकाँडा, तालतलैया, सिमसार, वनस्पति, हिमाल, पहाड, तराई, फाँटलाई पर्यटनमैत्री बनाउने र फाइदा लिने कार्य गर्न सक्छन्। सबैको सहभागिता, सहमति र सहकार्यले समाजमा एकता, शान्ति र मेलमिलाप मात्र हुँदैन, आर्थिक उन्नति, स्थानीय गाउँटोलमा विकास र समृद्धि पनि आउँदछन्।

## *निष्कर्ष*

जीवित सङ्ग्रहालय आफैँमा खुल्ला विश्वविद्यालय हो। समुदायका मानिसले आफ्नै पोसाक, पहिचानमा आफ्ना कामहरू गर्ने, प्रदर्शनी गर्ने कार्यहरू गरिरहेका हुन्छन्। बालबालिक, युवा, महिला, बुढापाकाहरू आफ्नै तरिकाले गतिविधि गरिरहेका हुन्छन्। यस ठाउँमा आउने जो कोही व्यक्ति, समूह, कार्यालयबाट आउने स्वदेशी,

विदेशी, साहित्यकार, लेखक, अनुसन्धाता, इतिहासकार, इन्जिनियर, मानवशास्त्री, अर्थशास्त्री, कलाकार, नेता सबैले आफ्नो तरिकाले केही न केही कुराहरू सिक्ने, जान्ने, आफूले जानेको कुरा सिकाउने आदानप्रदान गर्ने अवसर पनि पाउँछन्। समुदायका विभिन्न व्यक्तित्वहरू, कलाकार, वैज्ञानिक, आविष्कारक, नेतृत्वपङ्क्ति आदिको पहिचान गर्नेदेखि स्थानीय समुदायको विशिष्ट ज्ञान, सिप, कला र प्रविधिहरू प्रदर्शनी हुने, प्रवर्धन हुने, संरक्षण हुने र पुस्तान्तरण हुने अवसर पनि मिल्दछन्। लोपोन्मुख प्राचीन संस्कृतिको पुनर्जीवनीकरण हुने सम्भावना पनि हुन्छ। स्थानीय युवाहरूले स्वरोजगारको अवसर पाउँदछन्। घुम्न आउने पर्यटकहरूले व्यावहारिक अविष्मरणीय ज्ञान, सिप, कलाहरू आफैँले प्रत्यक्ष अभ्यास गरेर सिक्ने अवसर पाउने हुँदा उत्तम अभ्यासहरूलाई उदाहरणको रूपमा अर्को ठाउँमा प्रयोग गर्न सक्छन्। स्थानीय जनसमुदाय, अभ्यासकर्ता, गायक, बाद्यवादक, अभिनयकर्ता, नृत्यकार, संस्कृतिविद्, नेतृत्वपङ्क्ति आदिले प्रत्यक्ष फाइदा उठाउन सक्छन्। स्थानीय उत्पादनहरू खपत हुने हुँदा बजारभाउ राम्रो पाउँछन्। स्थानीय सिप, कलाबाट उत्पादित सामग्रीहरू कोसेलीघरमा बिक्रीका लागि राखिएका हुन्छन्। समुदाय चिनाउने पुस्तक, भिडियो, बुलेटिन, लेखरचनाहरू छापिन सक्छन्। भ्रमणमा आउने र स्थानीय बिचमा सामाजिकीकरण हुने हुँदा धेरै कुराहरू आदानप्रदान हुन्छन्। स्थानीय सूचनाको अद्यावधिक हुन्छ। जीवित सङ्ग्रहालयको राम्रा पक्षहरू मात्र छैन। यसका केही नकारात्मक पक्षहरू पनि छन्। समुदायभित्र कुसंस्कृति भित्रिने, समुदायको आकर्षण अरूको खानपिन, भाषा, धर्म, संस्कृति, भेषभूषातिर बढेर जाने प्रवल सम्भावना पनि हुन्छन्। समुदायका युवा र नेतृत्वपङ्क्ति जुनसुकै बेला बाहिरिया कुरा भित्रिन सक्ने कुरामा सदैव सतर्क र सचेत हुन आवश्यक छ।

## *सन्दर्भ सामग्रीहरू*


नेपाल सरकार, आजउराप्र (वि.सं.२०५८). 'आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा सम्पन्न कार्यक्रमहरूको सँगालो'. सानेपा : नेपाल सरकार संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, ललितपुर, नेपाल।

युनेस्को (२००३). *अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि २००३.* काठमाडौँ : युनेस्को कार्यालय, कुपण्डोल, काठमाडौँ।

धिमाल, सोमबहादुर (वि.सं.२०७७). 'आदिवासी जनजातिको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा प्रवर्धन, हस्तान्तरण तथा संरक्षणार्थ जीवित सङ्ग्रहालयको औचित्य'. *आदिवासी जनजाति आयोग.* पुल्चोक, ललितपुरमा बुझाएको अप्रकाशित अध्ययन प्रतिवेदन।

नेपाल सरकार, आजउराप्र (वि.सं.२०५८). *आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८.* जावलाखेल : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, ललितपुर, नेपाल।

रन्जितकार, किरणराम र अन्य (वि.सं.२०७७). *शिक्षा र विकास.* भोटाहिटी : विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ, नेपाल।

Nepal Government, NSO. (2021). 'National Population and Housing Census 2021, National Report on Caste/ Ethnicity, Language and Religion'. Ramshahpath: Nepal Govt., National Statistics Office, Kathmandu.

'The History of Open-air Museum' retrieved from http://www.historyofmuseums.com/museum-history/ history-of-open-air-museums/

Cobo, Martinez. Study of the Problem of Discrimination against Indigenous Populations, Final Report Submitted by the Special Rapporteur. Retrieved from https://www.un.org/development/ desa/ indigenouspeoples/publications/martinez-cobo-study.html

Griffin, D. & Paroissien, L. (1975). 'Understanding Museums- Indigenous Peoples and Museums: Introduction'. Canbera: National Museum of Australia, retrieved from http://nma.gov.au/ research/ understandingmuseums/Indigenous_people_and_museums.html

Siebenaler, K. (Nov. 19, 2012). 'Hands-On History : Living History Museums and Children's History Education', visited on 21 May 2021 retrieved from https://www.google.com/search?q= Hands+-+on+ History+%3A+Living+History+Museums+and+Children%27s+History+Education&sxsrf=ALeKk0